## प्रस्तावहरुः

२०७९।०८०-०२।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०२।०२ बार्षिक कार्ययोजना स्विकृत गर्ने सम्बन्धमा ।

२०७९।०८०-०२।०३ कृषि तथा पशु सेवा तर्फ स्विकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ सम्बन्धमा।

२०७९।०८०-०२।०४ नेपाल रेडक्रस सोसाइटी देउराली उपशाखाले सञ्चालनमा गरी हाल मर्मत गर्नुपर्ने गरी बिग्रिएको एम्बुलेन्स पुनः सञ्चालन गर्ने सम्बन्धमा ।

२०७९।०८०-०२।०५ बिद्यालय शिक्षक र कर्मचारीको तलब भत्ता सम्बन्धमा ।

२०७९।०८०-०२।०६ घर कायम पूर्वतयारीको लागी समिति गठन गर्ने सम्बन्धमा।

२०७९।०८०-०२।०७ संघ प्रदेशका इकाइहरुबाट प्राप्त पत्रहरुको जानकारी सम्बन्धमा।

२०७८।०७९-०२।०८ गाउँसभाको समिक्षा सम्बन्धमा ।

२०७८।०७९-०२।०९ किसान सूचिकरण सम्बन्धमा ।

२०७८।०७९-०२।१० बिविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०१**

प्रस्ताव नं २०७९।०८०-०२।०१ माथी छलफल गर्दा १२१ औ गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०२**

प्रस्ताव नं २०७९।०८०-०२।०२ माथी छलफल गर्दा आर्थिक बर्ष २०७९।०८० को बार्षिक कार्ययोजना स्विकृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०३**

प्रस्ताव नं २०७९।०८०-०२।०३ माथी छलफल गर्दा गाउँपालिकाबाट आर्थिक बर्ष २०७९।०८० को लागि कृषि विकास तथा पशु सेवा तर्फ स्विकृत कार्यक्रमहरुको कार्यान्वयनको लागि पेश भएको **कृषि तथा पशु सेवाको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९** स्विकृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०४**

प्रस्ताव नं २०७९।०८०-०२।०४ माथी छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी देउराली उपशाखाले सञ्चालन गरी हाल मर्मत गर्नुपर्ने गरी बिग्रिएको एम्बुलेन्स गाउँपालिकाबाट मर्मत गरी शव बाहनको रूपमा प्रयोग गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०५**

प्रस्ताव नं २०७९।०८०-०२।०५ माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियोः



रुपा गाउँपालिका कास्की

निम्नः

क) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगीको न्यूनतम तलबमान रु १५००० कायम हुने गरी नेपाल सरकारबाट प्राप्त रकममा गाउँपालिकाको तर्फबाट रु ७००० थप गर्ने ।

ख) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत बालबिकास सहजकर्ताहरुको न्यूनतम तलबमान रु १६००० कायम हुने गरी नेपाल सरकारबाट प्राप्त रकममा गाउँपालिकाको तर्फबाट रु ६००० थप गर्ने ।

ग) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत लेखा सहायकहरुको न्यूनतम तलबमान रु २०५०० कायम हुने गरी नेपाल सरकारबाट प्राप्त रकममा गाउँपालिकाको तर्फबाट रु ७००० थप गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०६**

प्रस्ताव नं २०७९।०८०-०२।०६ माथी छलफल गर्दा घर कायमको पूर्वतयारीको लागी श्री राम बहादुर गोदार वडा नं १ को वडाअध्यक्षको संयोजकत्वमा, राजन सुवेदी वडा नं २ वडाअध्यक्ष, कार्यपालिका सदस्य कृष्ण कुमारी घर्ती सरिता सुनार प्राविधिक शाखा प्रमुख सदस्य सचिव रहने गरी पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०७**

प्रस्ताव नं २०७९।०८०-०२।०७ माथी छलफल गर्दा संघ तथा प्रदेश सरकारका विभिन्न निकायहरुबाट प्राप्त पत्रहरू, सूचना, निर्देशन तथा परिपत्रहरुको बारेमा जानकारी प्राप्त भयो।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०८**

प्रस्ताव नं २०७९।०८०-०२।०८ माथी छलफल मिति २०७९ साउन १७ गते समापन भएको गाउँसभाको समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।०९**

प्रस्ताव नं २०७९।०८०-०२।०९ माथी छलफल गर्दा आर्थिक बर्ष २०७८।०७९ किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार प्रविष्टि गरिएका तथ्याङ्कहरु रूजु गरी स्विकृतिको लागी वडा समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०२।१०**

प्रस्ताव नं २०७९।०८०-०२।१० माथी छलफल गर्दा आजको बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७९ भदौ १५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की